# खुम्बु पासाङल्हामु गाउँपालिका

# आर्थिक ऐन, २०७४

कार्यपालिकाबाट स्वीकृत मितिः –२०७४/३/२५

सोलुखुम्बु जिल्ला

१ नं. प्रदेश

नेपाल

# आर्थिक ऐन, २०७४

गाउँसभाबाट पारित मिति २०७४/३/२५

खुम्बु पासाङल्हामु गाँउपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,

प्रस्तावना : खुम्बु पासाङल्हामु गाँउपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम खुम्बु पासाङल्हामु गाँउसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१)यस ऐनको नाम "खुम्बु पासाङल्हामु गाँउपालिकाको आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त खुम्बु पासाङल्हामु गाँउपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) "कर" भन्नाले यो ऐन वा प्रचलित कानून बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ ।

(२) "करदाता" भन्नाले यो ऐन वा प्रचलित कानूनबमोजिम कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ ।

(३) "गाँउसभा" भन्नाले खुम्बु पासाङल्हामु गाँउपालिकाको गाँउ सभालाई सम्झनुपर्छ ।

(३) "गाँउ कार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाँउपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(४) "गाँउपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाँउपालिकालाई सम्झनुपर्छ ।

३. **सम्पति कर** : गाँउपालिकाको क्षेत्रभित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाईने र असुल उपर गरिनेछ ।

४. **भुमि कर (मालपोत)** : गाँउपालिकाको क्षेत्रभित्र अनुसुचि (२) बमोजिम भुमि कर(मालपोत) लगाउने तथा असुल उपर गरिनेछ ।

५. **घर वहाल कर** : गाँउपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरि पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर वहाल कर लगाईने तथा असुल गरिनेछ ।

६. **व्यवसाय कर** : गाँउपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसुचि (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

७. **विज्ञापन कर** : गाँउपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि (५) मा उल्लेख भएबमोजिम विज्ञापन कर लगाईने तथा असुल उपर गरिनेछ ।

८. **मनोरन्जन कर**: गाँउपालिकाको क्षेत्रभित्र हुने मनोरन्जनात्मक क्रियाकलापमा अनुसुचि (६) बमोजिम मनोरन्जन कर लगाइने तथा असुल उपर गरिनेछ ।

९. **बहाल विटौरि शुल्क** : गाँउपालिकाको क्षेत्रभित्र आँफुले निर्माण, रेखदेख वा संचालन गरेको हाटबजार वा अन्य सार्वजनिक स्थान व्यवसायिक प्रयोग गरेमा अनुसुचि (७) उल्लेख भएबमोजिम बहाल बिटौरि शुल्क लगाईने र असुल उपर गरिनेछ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (९) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** (१) यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

(२) अनुसूचीहरूमा उल्लेखित कर, शुल्क तथा दस्तुरहरू गाउँपालिकाले तोकेको मिति देखी लागु हुनेछ ।

अनुसूचि (१)

(ऐनको दफा ३ सँग सम्बन्धित)

## सम्पति कर

१. यस गाँउपालिकाको क्षेत्रभित्र रहेको गोठ छाप्रो बाहेक प्रत्येक घरजग्गाको वार्षिक रुपमा रु. १००।- (एक सय रुपैया) मात्र असुल उपर गरिनेछ ।

२. एउटै कित्ता भित्र रहेको र सँगै जोडिएको घरले एउटा घरलाई जनाउने छ ।

अनुसूचि (२)

(ऐनको दफा ४ सँग सम्बन्धित)

## भूमि कर (मालपोत)

१. यस गाँउपालिकाको क्षेत्रभित्र रहेको  सरकारी जग्गा, धार्मिक संघ संस्था, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल बाहेक देहायमा वर्गिकरण गरिएका जग्गाहरु बाट मात्र देहायमा उल्लिखित दरमा भूमि कर (मालपोत) असुल उपर गरिनेछ :

(क) अब्बल प्रति रोपनी रु.२५।-

(ख) दोयम प्रति रोपनी रु.२०।-

(ग) सिम प्रति रोपनी रु.१५।-

(घ) चाहार  प्रति रोपनी रु.१०।-

(ङ) पाँचौ तह प्रति रोपनी रु.५।-

अनुसूचि (३)

(ऐनको दफा ५ सँग सम्बन्धित)

## घरवहाल कर

१. यस गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा सम्झौता रकमको १० प्रतिशतले घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

२. घरवहालमा दिने सम्झौता पत्रको नमुना गाँउपालिका मार्फत वडा कार्यालयहरुबाट उपलब्ध गराईने छ तथा सम्झौताको समयमा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य साँक्षी बसेको हुनु पर्नेछ ।

३. यो घर वहाल कर घरधनिलाई घरभाडा रकम बुझाएको समयमा सम्बन्धित वडा कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

अनुसूचि (४)

(ऐनको दफा ६ सँग सम्बन्धित)

# व्यावसाय कर

१. यस गाउँपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा देहाय बमोजिमका व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(क) सम्पुर्ण व्यवसायको दर्ता वापत रू.१०००।-　　　(ख) नविकरण वापत वार्षिक रू.५००।-

२. यस क्षेत्रभित्र संचालन गर्नुपुर्व तथा संचालन भईरहेका कुनैपनि व्यवसाय गाँउपालिकाको कार्यालयमा दर्ता तथा नविकरण भई प्रमाण पत्र लिएर मात्र व्यवसाय संचालन गर्नुपर्नेछ।

अनुसूचि (५)

(ऐनको दफा ७ सँग सम्बन्धित)

# विज्ञापन कर

१. यस गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवाको प्रचारप्रसार वापत होडिङ बोर्ड लगायतका विज्ञापन सामग्री सार्वजनिक क्षेत्रमा राख्दा गाँउपालिका र अन्य सम्बन्धित निकायको स्विकृती लिनुपर्नेछ, साथै रू.१०००।– वा प्रति वर्ग फुट रू. ५०।- को दरले जुन बढि हुन्छ सो रकम गाँउपालिकाको कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

अनुसूचि (६)

(ऐनको दफा ८ सँग सम्बन्धित)

# मनोरन्जन कर

१. यस गाउँपालिकाका क्षेत्रभित्र जुनसुकै प्रयोजनको लागि मनोरन्जनात्मक कार्यक्रम संचालन गर्नुपुर्व गाँउपालिकाको स्विकृति लिनुपर्नेछ ।टिकट बिक्रि गर्ने सन्दर्भमा कुल बिक्रि रकमको १५ प्रतिशत गाँउपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

अनुसूचि (७)

(ऐनको दफा ९ सँग सम्बन्धित)

## बहाल बिटौरि शुल्क

१. यस गाउँपालिकाका क्षेत्रभित्र सार्वजनिक स्थलमा लाग्ने हाट बजारमा रहने स्थानिय उत्पादन बाहेकको प्रत्येक पसलबाट रू.२००।– प्रति हप्ता तथा अन्य निजी क्षेत्रमा लाग्ने हाटबजार बाट प्राप्त हुने कुल आयको १० प्रतिशत गाँउपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

२. यस गाँउपालिका क्षेत्रभित्र कुनैपनि किसिमको सेवा प्रदायकले कुनैपनि किसिमको टावर राख्नु परेमा गाँउपालिका तथा सम्बन्धित निकायबाट पुर्व स्विकृति लिएर मात्र संचालन गर्नुपर्नेछ । यसको साथै नयाँ स्थापना हुने तथा साविक देखी संचालनमा रहेको प्रत्येक स्थानको टावरले वार्षिक रुपमा रु.६०,०००।- गाँउपालिकालाई तिर्नुपर्नेछ ।

अनुसूचि (८)

(ऐनको दफा १० सँग सम्बन्धित)

## पार्किङ शुल्क

१. यस गाउँपालिकाका क्षेत्रभित्र अवतरण गर्ने प्रत्येक वायुयानले पार्किङ शुल्क वापत प्रति अवतरण रू. २००।– का दरले गाँउपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

अनुसूचि (९)

(ऐनको दफा ११ सँग सम्बन्धित)

## ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क

..........(कुनै दर निर्धारण नभएको)

अनुसूचि (१०)

(ऐनको दफा १२ सँग सम्बन्धित)

# सेवा शुल्क दस्तुर

१. यस गाउँपालिकाको कार्यालय द्वारा प्रदान गरिने सेवा वापत देहाय बमोजिमको शुल्क लाग्नेछ ।

क. गरिबि, छात्रवृत्ति तथा नागरिकताको सिफारिस बाहेक अन्य जुनसुकै किसिमको सिफारिस वापत रू.१००।– लाग्नेछ ।

ख. सम्पति मुल्यांकन तथा आम्दानि प्रमाणित वापत कुल रकमको ०.१ प्रतिशत लाग्नेछ ।

ग. नाता प्रमाणित वापत रू. १००।–लाग्नेछ ।

घ. जुनसुकै किसिमको फारम वापत रू. ५०।– लाग्नेछ ।

अनुसूचि (११)

(ऐनको दफा १३ सँग सम्बन्धित)

# पर्यटन शुल्क

१. यस गाउँपालिका क्षेत्रभित्रबाट हवाइ माध्यम द्वारा उडान गर्ने प्रत्येक हवाइ यात्रु बाट रू.५०।– असुल गरिनेछ ।

२. यस गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने प्रत्येक विदेशी नागरिकबाट प्रत्येक पटक प्रवेश गर्दा पर्यटक प्रवेश शुल्क वापत रू २०००।- अशुल गरिने छ ।